## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम २ सँग सम्वन्धित आ.व. २०६६/६७ को प्रथम त्रैमासिक बिवरण

१. **बित्तीय बिवरण**

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्वन्धी बिवरण :

- आर्थिक बर्ष २०६६/६७ को प्रथम त्रैमासिक बित्तीय बिवरण अनुसूची १ बमोजिम संलग्न रहेको छ ।
- सम्वन्धित पक्ष (Related Party) बीच कुनैपनि कारोवार नभएको ।

२. व्यवस्थापकिय बिश्लेषण :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्वन्धि विवरणः

बैंकले यस त्रैमासिक अवधिमा गत त्रयमासको तुलनामा १३% थप कर्जा प्रवाह गरेको छ भने सोहि अवधिमा थप ५% निक्षेप परिचालन गरेको छ । त्यस्तै गत बर्षको तुलनामा सोहि अवधिमा संचालन मुनाफा र खुद मुनाफामा क्रमशः १९% र १५४% ले बृद्धि भएको छ । यस अवधिमा बैंकको तरलता आवश्यकतानुसारनै कायम रह्यो ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको बिश्लेषणात्मक विवरण :

बैंकले आगामी अवधिमा आफ्नो शाखा बिस्तारको कार्यक्रमलाई निरन्तरता दिनुका साथै निष्कृय कर्जाको अनुपातलाई कम गर्दै गुणस्तरिय कर्जा प्रवाहका लागि नयाँ योजनाहरु लागु गर्ने तथा खुद व्याज आम्दानीमा बृद्धि गरी बचत कर्ता तथा शेयरधनीहरुको हितमा कार्य गर्दै जाने योजना रहेको छ ।

(ग) बिगतको अनुभववाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भए सो सम्वन्धि बिश्लेषणात्मक विवरण :

हाल सम्मको अनुभवमा बैंकको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था रहेको छैन ।

३. कानूनी कार्यवाहि सम्वन्धि विवरण :

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको भए :

बैंकिङ्ग व्यवसाय गर्ने संस्था भएकोले कर्जा कारोवारको सिलसिलामा दायर भएको मुद्दा वाहेक अन्य कुनै उल्लेखनिय मुद्दा नरहेको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :

छैन ।

(ग) कुनै संचालक वा संस्थापक बिरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको भए :

छैन ।

४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धि विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्वन्धमा व्यवस्थापनको धारणा :

दोश्रो बजारमा हुने शेयर कारोवारको मुल्य माग र आपुर्तिको सिद्धान्त तथा देशको समग्र आर्थिक स्थितिमा आधारित हुने भएकोले बैंकको यस सम्वन्धमा कुनै बिशेष धारणा रहेको छैन ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य | : रु. ४८०/- | शेयरको न्युनतम मुल्य | : रु. ३२६/- |
| शेयरको अन्तिम मूल्य | : रु. ३७८/- | शेयर कारोवार भएको कुल दिन : ५२ | |
| कारोवार संख्या | : ४१९ | | |

५. समस्या तथा चुनौती :

संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित सस्थाको आन्तरिक र बाह्य भनी बर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्वन गरेको रणनीति सम्वन्धि विवरण :

(क) आन्तरिक समस्या तथा चुनौती :

- मुद्रास्फितिको कारणले सचालन लागतमा हुने बृद्धि को असर
- प्रतिस्पर्धि बैंकिङ्ग क्षेत्रमा Talented कर्मचारीलाई Retain गर्ने चुनौती
- बैंकवाट प्रदान गरिने दीर्घकालिन, मध्यकालिन, चालु पूँजी जस्ता कोषमा आधारित कर्जा तथा प्रतितपत्र, जमानत पत्र जारी गर्ने जस्ता गैह्रकोषीय सेवाहरु उपलब्ध गराउँदा हुन सक्ने सम्भावित जोखिमहरु
- निक्षेप तथा कर्जा लगानी व्याज दरमा हुने परिवर्तन वाट असर पर्ने जोखिमहरु
- समयमा कर्जा असुली नभै उत्पन्न हुने आर्थिक जोखिमहरु

(ख) बाह्य समस्या तथा चुनौती :

- बैंक तथा बित्तीय संस्थाहरुको स्थापना वा स्तरोन्नती हुने क्रम रहेवाट यी संस्थाहरु बीच उत्पन्न प्रतिस्पर्धावाट हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल राष्ट्र बैंकको नीति निर्देशन अनुसार व्याज दरमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल राष्ट्र बैंक वा सरकारले बैंक सम्वन्धि नीति निर्देशन तथा मौद्रिक नीतिमा परिवर्तन गर्दा सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।
- बिदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने परिवर्तन वाट हुन सक्ने जोखिमहरु ।
- अन्तरराष्ट्रिय रुपमा हुने आर्थिक तथा बित्तीय क्षेत्रको शिथिलता वाट नेपाली बजारमा पर्न सक्ने असरवाट हुन सक्ने आर्थिक जोखिमहरु ।
- देशको अस्थीर राजनैतिक स्थितिका कारण हुन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढाव वाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

(ग) रणनीति :

- लागत कटौती तथा लागत नियन्त्रणका उपायहरु अवलम्वन गर्ने ।
- कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमवाट बच्नका लागि आवश्यक जोखिम कोषको व्यवस्था गर्ने ।

- बिनिमय दरमा हुने परिबर्तन वाट हुन सक्ने जोखिम वाट बच्नका लागि आवश्यक सटही घटबढ कोषको व्यवस्था गर्ने ।
- बैंकको संगठनात्मक संरचनामा परिबर्तन गरी बढी प्रभावकारी बनाउने ।
- अन्तरराष्ट्रिय बित्तीय संकटको असरलाई सुक्ष्म अनुगमन गरी जोखिमयुक्त क्षेत्रमा लगानी कम गर्ने ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्वन्धी विवरण :

- नेपाल राष्ट्र बैंकवाट जारी गरिएको संस्थागत सुशासन सम्वन्धी निर्देशीकाको पालना गर्नुका साथै बैंकका शेयरधनीहरु प्रति बैंक संचालक समिति पूर्ण रुपमा जवाफदेहि र उत्तरदायी रहेको छ ।
- बैंकको लेखापरिक्षण समितिले संस्थागत सुशासन सम्वन्धमा अनुगमन गरी प्रचलित नियम कानूनहरुको अनुपालना आदि वारे निरिक्षण गरी आवश्यक सुझाव समेत संचालक समितिलाई दिने गरेको छ ।
- बाह्य लेखापरिक्षक तथा नेपाल राष्ट्र बैंकवाट समय समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरुको आधारमा संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालक समिति कटिबद्ध रहेको छ ।

७. सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तीगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।